# वैदेशिक स्रोत समावेश भएका कार्यक्रम/ आयोजनाको स्रोत/ बजेट फुकुवा तथा वित्तीय विवरण सिफारिस कार्यविधि, २०७९/२०८०

## क) वैदेशिक स्रोत समावेश भएका कार्यक्रम/ आयोजनाको बजेट/ स्रोत फुकुवा

### १) नगद अनुदान तथा नगद ऋण तर्फको फुकुवा प्रकृया

१.१ चालु आयोजनामा प्रथम, दोस्रो, तेस्रो र चौथो अवधिको लागि विनियोजित वैदेशिक स्रोत नगद ऋण तथा नगद अनुदानको स्रोतको भुक्तानी/निकासा गर्दा फुकुवा आदेश आवश्यक पर्नेछ । महालेखा नियन्त्रक कार्यालयको खातामा प्राप्त भएको कोषको आधारमा मात्र नगद ऋण तथा नगद अनुदानको स्रोतको भुक्तानी/निकासा हुनेछ ।

### २) सोधभर्ना हुने अनुदान तथा ऋण तर्फको फुकुवा प्रकृया

#### २.१) प्रथम त्रैमासिक फुकुवा प्रकृयाः

२.१.१ चालु आयोजनामा प्रथम त्रैमासिक अवधिको लागि विनियोजित सोधभर्ना हुने ऋण तथा अनुदान रकम भुक्तानी/निकासा दिन यस कार्यालयको फुकुवा आदेश आवश्यक पर्ने छैन । यसको लागि प्रथम त्रैमासिक अवधिसम्म ऋण वा अनुदानको म्याद बाँकी भएको हुनुपर्नेछ । नयाँ आयोजनाको सम्बन्धमा आयोजना सञ्चालनको लागि नेपाल सरकार र दातृ निकायबीच ऋण वा अनुदान सम्झौता भई त्यस्तो सम्झौता कार्यन्वयन (Effective) भई सकेको हुनुपर्नेछ । आन्तरिक ऋण लगानीतर्फ नेपाल सरकारको स्रोत मात्र कायम भएको बजेट/कार्यक्रमका लागि फुकुवा आवश्यक पर्ने छैन ।

#### २.२) दोस्रो त्रैमासिक फुकुवा प्रकृयाः

२.२.१ विकास साझेदार निकाय वा संस्थासँग भएको विकास सहायता सम्झौता बमोजिम संचालनमा रहेका कार्यक्रम/आयोजनाको आ.व. २०७७/७८ सम्मको सोधभर्ना बाँकी भए अर्थ मन्त्रालयबाट स्रोतान्तर/खर्च समर्थन गराएको प्रमाण पेश गर्नुपर्ने छ। शुरु आ.व. २०७८/७९ को सोधभर्ना लिन बाँकी ऋण र अनुदान रकमको सोधभर्ना प्राप्त भैसकेको हुनुपर्ने छ। कुनै कारणले सोधभर्ना प्राप्त हुन नसकेको भए सम्बन्धित दातृ निकायमा सोधभर्ना माग गरेको प्रमाण पेश गर्नुपर्ने र दोस्रो त्रैमासिक भित्र सोधभर्ना प्राप्त भइसक्ने विश्वसनीय आधार सहितको पत्र पेश गर्नुपर्नेछ । एउटा दातृ निकायको ऋण तर्फ बढी सोधभर्ना प्राप्त भई अनुदानमा सोधभर्ना लिन बाँकी रही कूल सोधभर्ना प्राप्त भएता पनि सो दातृ निकायको अनुदान तर्फको स्रोत भने फुकुवा गरिने छैन ।

२.२.२ सोधभर्ना प्राप्त हुनु पर्ने रकम बक्यौता रहेको र दातृ निकायबाट तत्काल सोधभर्ना प्राप्त हुन नसक्ने भएमा नसक्नाको कारण सहित अर्थ मन्त्रालयबाट स्रोत फुकुवा गरिदिने विषयको पत्र र सम्बन्धित



महालेखा नियन्त्रक

आयोजना/निकायका प्रमुख तथा आर्थिक प्रशासन प्रमुखले यथाशिघ्र सोधभर्ना माग गरी प्राप्त गर्ने सुनिश्चितता सहितको लिखित प्रतिबद्धता पेश गर्नुपर्नेछ ।

२.२.३ दोस्रो त्रैमासिकको सोधभर्ना रकम फुकुवा माग गर्ने आयोजना/निकायले अनुसूची १ अनुसारको ढाँचामा सोधभर्नाको विवरण र संलग्न Checklist प्रमाणित गरी अनिवार्य रुपमा पेश गर्नुपर्नेछ ।

२.२.४ सम्बन्धित आयोजनाहरुले आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४२ को उपनियम (८) बमोजिम निर्दिष्ट ढाँचामा आ.व. २०७८/७९ को आयोजनाको वित्तीय विवरण (लेखापरीक्षण नभएको) पेश गरेको हुनु पर्नेछ । आयोजनाको वित्तीय विवरण (लेखापरीक्षण नभएको) पेश गर्न नपर्ने आयोजनाहरुले दातृ निकायबाट निर्दिष्ट गरिएको आयोजना/कार्यक्रमको निकासा खर्चको एकीकृत वित्तीय विवरण पठाएको जानकारी सहित वित्तीय विवरण पेश गर्नु पर्नेछ ।

२.२.५ Implementation Progress Report (IPR) र Financial Monitoring Report (FMR) प्रणालीबाट सोधभर्ना हुने आयोजना/निकायहरुले आ.व. २०७८/७९ को चौथो त्रैमासिकसम्मको प्रतिवेदन पठाएको प्रति पेश गर्नुपर्नेछ । निकासा फुकुवा माग गरेको मितिमा प्रथम त्रैमासिक अवधिको IPR/FMR पठाउने मिति (त्रैमासिक अबधि समाप्त भएको ३० दिन भित्र) नाघेको भए प्रथम त्रैमासिक अवधिको IPR/FMR दातृ निकायलाई पेश गरेको पत्र संलग्न गर्नुपर्नेछ ।

२.२.६ थ्रेसहोल्ड रकम पुगिसकेको सोधभर्ना लिनु पर्ने रकमको तुरुन्त सोधभर्ना वा कोषपूर्तिको लागि दातृ निकायमा मागपत्र (Withdrawal Application) पठाई सोको एक प्रति अनिवार्य रुपमा महालेखा नियन्त्रक कार्यालयमा पठाउनु पर्नेछ । सोधभर्ना फुकुवा माग गर्दा Withdrawal Application को विवरण समेत चेक लिष्ट साथ संलग्न गरिएको हुनुपर्ने छ । ऋणतर्फको सोधभर्ना मागको Withdrawal Application को विवरण सार्वजनिक ऋण व्यवस्थापन कार्यालयलाई समेत पठाएको हुनु पर्नेछ ।

२.२.७ आ.व. २०७८/०७९ को चौथो त्रैमासिकसम्ममा महालेखा नियन्त्रक कार्यालयको तथ्याङ्क अनुसार सोधभर्ना लिनुपर्ने स्रोतमा खर्च देखिएको तर दातृ निकायसँगको सम्झौताको शर्त अनुसार तत्काल सोधभर्ना प्राप्त नहुने धरौटी, प्रतित-पत्र, पेश्की आदिको रकम यकीन गरी सम्बन्धित मन्त्रालयबाट सोको प्रमाणित प्रतिवेदन सहित फुकुवा सिफारिस भै आएको हुनु पर्नेछ ।

२.२.८ दातृ निकायबाट सम्झौता अनुसारको सबै सोधभर्ना प्राप्त भएको तर बैंकले कमिशन लिंदा महालेखा नियन्त्रक कार्यालयको केन्द्रीय खातामा सोही रकम घटि हुन गएमा बैंकले कमिशन लिएको पुष्ट्याईं हुने विवरण सहित सम्बन्धित मन्त्रालयबाट फुकुवाको लागि सिफारिस भई आएको हुनु पर्नेछ ।

२.२.९ निकासा लिई आयोजनाबाट खर्च नभएको रकम तथा अन्य कुनै कारणले बेरुजु खातामा दाखिला गर्नुपर्ने भए त्यस्तो रकम बैंक दाखिला गरी भौचर पेश गरेको हुनु पर्नेछ ।

२.२.१० बजेटमा स्रोतगत बाँडफाँड फरक भै खर्च भएको तर दातृ निकायसँगको सम्झौता अनुसार सोधभर्ना प्राप्त हुन नसक्ने तथा सोधभर्ना स्रोतबाट खर्च भै वक्यौता हिसाबमा सोधभर्ना लिन बाँकी देखिएको रकम आ.व. २०७७/०७८ सम्मको भए स्रोतान्तर भै हिसाब मिलान भैसकेको हुनु पर्नेछ र आ.व. २०७८/०७९ को भए अर्थ मन्त्रालयमा स्रोतान्तरको लागि पेश भएको पत्रको बोधार्थ वा प्रतिलिपि पेश गर्नु पर्नेछ ।

२.२.११ आयोजनाले वैदेशिक सहायता सम्झौता अनुसार सार्वजनिक संस्थान तथा बोर्डलाई निकासा उपलब्ध गराएको सोधभर्ना हुने ऋण तथा अनुदानको रकम पनि समयमै सोधभर्ना प्राप्त गरिसक्नु पर्नेछ । संस्थान वा बोर्डलाई निकासा दिएको सोधभर्ना हुने रकमको सोधभर्ना लिने र बाँकी रकम फरफारक गर्ने जिम्मा सम्बन्धित आयोजनाकै हुनेछ ।

२.२.१२ नयाँ सम्झौता भएको आयोजनाको हकमा दातृ निकायसँग भएको सम्झौताको प्रति (Financial Agreement, Disbursement Letter, Project Appraisal Document, Loan/Grant Effective Letter) वा यस्तै सम्झौतासँग सम्बन्धित अन्य कागजातहरु पेश गर्नु पर्नेछ ।

२.२.१३ आ.व. २०७९/८० को बजेट अख्तियारी/LMBIS, स्वीकृत कार्यक्रम, जिल्लागत बाँडफाँट हुनेमा जिल्लागत र स्रोतगत बाँडफाँट पेश गर्नु पर्नेछ । यस आ.व. मा रकमान्तर/स्रोतान्तर भै रकम घटबढ भएको भए सो अनुसार जिल्लागत र स्रोतगत अख्तियारी/LMBIS र कार्यक्रम समायोजन भैसकेको हुनु पर्नेछ ।

२.२.१४ आयोजनाको सम्झौताको म्याद, सम्झौता बमोजिमको सोधभर्ना रकम, हालसम्मको खर्च, सोधभर्ना भएको रकम र सोधभर्ना बाँकी रकम स्पष्ट हुने गरी आ.व. २०७८/०७९ को चौथो त्रैमासिक सम्मको आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम १७ सँग सम्बन्धित अनुसूची ३ र नियम ४२(६) संग सम्वन्धित अनुसूची-९ वमोजिमको प्रतिवेदन पेश गर्नुपर्नेछ ।

२.२.१५ आयोजनाको नाममा खोलिएको विशेष खाताको हिसाबको त्रैमासिक विवरण र Bank Statement को प्रतिलिपि पेश गर्नु पर्नेछ ।

२.२.१६ यस कार्यालयमा रहेको आयोजनागत/स्रोतगत सोधभर्ना बक्यौता हिसाबसँग आयोजनाको हिसाब भिडान भई अद्यावधिक भएको हुनु पर्नेछ ।

२.२.१७ Disbursement Linked Indicator–DLI मा आधारित आयोजना/कार्यक्रमहरुको हकमा Project Agreement, Progress Report/ DLI Rotation Plan सहित Disbursement Schedule पेश गर्नु पर्नेछ ।

२.२.१८ Retroactive Financing भएका आयोजना/कार्यक्रमहरुको हकमा कुल आयोजना/कार्यक्रम लागत, Retroactive Financing अनुपात/प्रतिशत र सोधभर्ना हुने गरी भएको जम्मा खर्च खुलाई पेश गर्नु पर्नेछ ।



नेपाल सरकार अर्थ मन्त्रालय महालेखा नियन्त्रक कार्यालय अनामनगर, काठमाडौं

२.२.१९ निकासा फुकुवा दिने मितिमा सम्झौता अनुसार दातृ निकायमा लेखापरीक्षण भएको आयोजनाको वित्तीय विवरण (Audited Project Financial Statement) बुझाउनु पर्ने अवधि नाघिसकेको भए उक्त आयोजनाको वित्तीय विवरण पेश भइसकेको हुनुपर्ने छ ।

२.२.२० नेपाल सरकार र दातृ निकायबीच मूल सम्झौता भै प्राप्त भएको अनुदान/ऋण रकम नेपाल सरकारले सहायक ऋण सम्झौता गरी स्वायत्त संस्थाहरुमा गरिएको लगानी रकम नेपाल सरकारबाट खर्च भई सोधभर्ना बक्यौता हिसाबमा जनिएको तर सहायक ऋण सम्झौता गर्ने संस्थाले खर्च नगरी मौज्दात रहेको अवस्थामा उक्त रकमको हिसाबको प्रमाणित विवरण पेश गरी सो रकम कट्टा गरी मात्र निकासा फुकुवा गरिनेछ ।

**२.३ तेश्रो त्रैमासिक फुकुवा प्रकृयाः**

२.३.१ विकास साझेदार संस्थासँग भएको सम्झौता बमोजिम सञ्चालनमा रहेका कार्यक्रम/आयोजनाको चालु आ.व. २०७९/८० को प्रथम त्रैमासिक सम्मको सोधभर्ना लिन बाँकी ऋण वा अनुदान रकमको सोधभर्ना प्राप्त भैसकेको हुनुपर्ने छ। कुनै कारणले सोधभर्ना प्राप्त हुन नसकेको भए सम्बन्धित दातृ निकायमा सोधभर्ना माग गरेको प्रमाण पेश गर्नुपर्ने र तेस्रो त्रैमासिक भित्र सोधभर्ना प्राप्त भइसक्ने विश्वसनीय आधार सहितको पत्र पेश गर्नुपर्नेछ ।एउटा दातृ निकायको ऋण तर्फ बढी सोधभर्ना प्राप्त भई अनुदानमा सोधभर्ना लिन बाँकी रही कुल सोधभर्ना प्राप्त भएता पनि सो दातृ निकायको अनुदान तर्फको स्रोत भने फुकुवा गरिने छैन ।

२.३.२ सोधभर्ना प्राप्त हुनु पर्ने रकम बक्यौता रहेको र दातृ निकायबाट तत्काल सोधभर्ना प्राप्त हुन नसक्ने भएमा नसक्नाको कारण सहित अर्थ मन्त्रालयबाट स्रोत फुकुवा गरिदिने विषयको पत्र र सम्बन्धित आयोजना/निकायका प्रमुख तथा आर्थिक प्रशासन प्रमुखले यथाशिघ्र सोधभर्ना माग गरी प्राप्त गर्ने सुनिश्चितता सहितको लिखित प्रतिबद्धता पेश गर्नुपर्नेछ ।

२.३.३ अनुसूची २ अनुसारको ढाँचामा सोधभर्नाको विवरण र संलग्न Checklist प्रमाणित गरी अनिवार्य रुपमा पेश गर्नुपर्नेछ ।

२.३.४ सम्बन्धित आयोजनाहरुले दातृ निकायले आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४२ को उपनियम (९) बमोजिम निर्दिष्ट गरेको ढाँचामा आ.व. २०७८/०७९ को आयोजनाको वित्तीय विवरण (लेखा परीक्षण भएको) दातृ निकायमा पेश गरी सकेको हुनुपर्नेछ । आयोजनाको वित्तीय विवरण (लेखा परीक्षण भएको) पेश गर्नु नपर्ने आयोजनाहरुले दातृ निकायबाट निर्दिष्ट गरिएको आयोजना/कार्यक्रमको निकासा खर्चको एकीकृत वित्तीय विवरण पठाएको जानकारी सहित वित्तीय विवरण पेश गर्नुपर्नेछ ।

२.३.५ Implementation Progress Report (IPR) र Financial Monitoring Report (FMR) प्रणालीबाट सोधभर्ना हुने आयोजना/निकायहरुले आ.व.२०७९/८० को प्रथम त्रैमासिकको IPR/FMR अनुसार सोधभर्ना हुने

गरी भएको खर्च रकम सोधभर्ना प्राप्त भैइसकेको हुनु पर्नेछ । निकासा माग गरेको मितिमा दोस्रो त्रैमासिक अवधिको IPR/FMR पठाउने मिति (त्रैमासिक अवधि समाप्त भएको ३० दिन भित्र) नाघेको भए दोस्रो त्रैमासिक अवधिको IPR/FMR दातृ पक्ष/निकायलाई पेश गरेको पत्र संलग्न गर्नु पर्नेछ ।

२.३.६ थ्रेसहोल्ड रकम पुगिसकेको सोधभर्ना लिनु पर्ने रकमको तुरुन्त सोधभर्ना वा कोषपूर्तिको लागि दातृ निकायमा मागपत्र (Withdrawal Application) पठाई सोको एक प्रति अनिवार्य रुपमा महालेखा नियन्त्रक कार्यालयमा पठाउनु पर्नेछ । सोधभर्ना फुकुवा माग गर्दा Withdrawal Application को विवरण समेत चेक लिष्ट साथ संलग्न गरिएको हुनुपर्ने छ । ऋण तर्फको सोधभर्ना मागको Withdrawal Application को विवरण सार्वजनिक ऋण व्यवस्थापन कार्यालयलाई समेत पठाउनु पर्नेछ ।

२.३.७ महालेखा नियन्त्रक कार्यालयको तथ्याङ्क अनुसार सोधभर्ना स्रोतमा खर्च देखिएको तर दातृ निकायसँगको सम्झौताको शर्त अनुसार तत्काल सोधभर्ना प्राप्त नहुने धरौटी, प्रतित-पत्र, पेश्की आदि रकम यकीन गरी सम्बन्धित मन्त्रालयबाट सोको प्रमाणित प्रतिवेदन सहित फुकुवा सिफारिस भै आएको हुनु पर्नेछ ।

२.३.८ दातृ निकायबाट सम्झौता अनुसारको सबै सोधभर्ना प्राप्त भएको तर बैंकले कमिशन लिंदा महालेखा कार्यालयको केन्द्रीय खातामा कमिशन बराबरको रकम घटि हुन गएमा बैंकले कमिशन लिएको पुष्ट्याईं हुने विवरण सहित सम्बन्धित मन्त्रालयबाट फुकुवाको लागि सिफारिस भई आएको हुनुपर्ने र सो रकम स्रोतान्तरको लागि अर्थ मन्त्रालयमा पेश गरेको हुनु पर्नेछ ।

२.३.९ निकासा लिई आयोजनाबाट सम्बन्धित कार्यक्रमको लागि पेश्की उपलब्ध गराएको रकम खर्च नभएको अवस्थामा वा अन्य कुनै कारणले बेरुजु खातामा दाखिला गर्नुपर्ने भए त्यस्तो रकम बैंक दाखिला गरी भौचर पेश गरेको हुनु पर्नेछ ।

२.३.१० यस आ.व. मा रकमान्तर/स्रोतान्तर भै रकम घटबढ भएको भए सो अनुसार जिल्लागत र स्रोतगत अख्तियारी/LMBIS र कार्यक्रम समायोजन भैसकेको हुनु पर्नेछ ।

२.३.११ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४२ को उपनियम (५) (घ) अनुसार चालु आ.व. को दोस्रो त्रैमासिक सम्मको सोधभर्ना तर्फको रकम भिडान गरेको र स्रोतगत रुपमा फरक पारी खर्च भएको वा Joint Financing Agreement अनुसार संसोधन गरी बजेट मिलान गर्नु पर्ने भए सो समेत सोही नियमावलीको नियम ४३ को उपनियम (१) अनुसार अर्थ मन्त्रालयबाट नियमित भएको पत्र संलग्न हुनु पर्नेछ ।

२.३.१२ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम १७ सँग सम्वन्धित अनुसूची ३ र नियम ४२(६) सँग सम्वन्धित अनुसूची-९ वमोजिमको चालु आ.व. २०७९/८० को प्रथम त्रैमासिक सम्मको प्रतिवेदन पेश गर्नु पर्नेछ ।

२.३.१३ आयोजनाको नाममा खोलिएको विशेष खाताको हिसाबको त्रैमासिक विवरण विवरण पेश गर्नु पर्नेछ ।

२.३.१४ Disbursement Linked Indicator – DLI मा आधारित आयोजना/कार्यक्रमहरुको हकमा Project Agreement, Progress Report/ DLI Rotation Plan सहित Disbursement Schedule पेश गर्नु पर्नेछ ।

२.३.१५ Retroactive Financing भएका आयोजना/कार्यक्रमहरुको हकमा कुल आयोजना/कार्यक्रम लागत, Retroactive Financing अनुपात/प्रतिशत र सोधभर्ना हुने गरी भएको जम्मा खर्च खुलाई पेश गर्नु पर्नेछ ।

२.३.१६ नेपाल सरकार र दातृ निकायबीच मूल सम्झौता भै प्राप्त भएको अनुदान/ऋण रकम नेपाल सरकारले सहायक ऋण सम्झौता गरी स्वायत्त संस्थाहरुमा गरिएको लगानी रकम नेपाल सरकारबाट खर्च भै गएकोले सोधभर्ना बक्यौता हिसाबमा जनिएको तर सहायक ऋण सम्झौता गर्ने संस्थाले खर्च नगरी मौज्दात रहेको अवस्थामा उक्त रकमको हिसाबको प्रमाणित विवरण पेश गरी सो रकम कट्टा गरी मात्र निकासा फुकुवा गरिनेछ ।

२.३.१७ वित्तीय हस्तान्तरण भई प्रदेश तथा स्थानीय तहमा सञ्चालित आयोजनाको हकमा चालु आ.व.को प्रथम त्रैमासिक सम्मको वजेट, निकासा तथा खर्चको स्रोतगत विवरण सम्बन्धित आयोजना सञ्चालन गर्ने निकायले तयार गरी सम्वन्धित लेखा उत्तरदायी अधिकृतवाट प्रमाणित गराई पेश गर्नुपर्नेछ ।

## २.४ चौथो त्रैमासिक फुकुवा प्रकृयाः

२.४.१ विकास साझेदार संस्थासँग भएको विकास सहायता सम्झौता बमोजिम सञ्चालनमा रहेका कार्यक्रम/आयोजनाको चालु आ.व. २०७९/८० को दोस्रो त्रैमासिक सम्मको सोधभर्ना लिन बाँकी ऋण र अनुदान खर्च दातृ पक्षबाट सोधभर्ना प्राप्त भैसकेको हुनुपर्नेछ । कुनै कारणले सोधभर्ना प्राप्त हुन नसकेको भए सम्बन्धित दातृ निकायमा सोधभर्ना माग गरेको प्रमाण पेश गर्नुपर्ने र चौथो त्रैमासिक अवधि भित्र सोधभर्ना प्राप्त भइसक्ने विश्वसनीय आधार सहितको पत्र पेश गर्नुपर्नेछ ।एउटा दातृ निकायको ऋण तर्फ बढी सोधभर्ना प्राप्त भई अनुदानमा सोधभर्ना लिन बाँकी रही कुल सोधभर्ना प्राप्त भएता पनि सो दातृ निकायको अनुदान तर्फको स्रोत भने फुकुवा गरिने छैन ।

२.४.२ सोधभर्ना प्राप्त हुनु पर्ने रकम बक्यौता रहेको र दातृ निकायबाट तत्काल सोधभर्ना प्राप्त हुन नसक्ने भएमा नसक्नाको कारण सहित अर्थ मन्त्रालयबाट स्रोत फुकुवा गरिदिने विषयको पत्र र सम्बन्धित आयोजना/निकायका प्रमुख तथा आर्थिक प्रशासन प्रमुखले यथाशिघ्र सोधभर्ना माग गरी प्राप्त गर्ने सुनिश्चितता सहितको लिखित प्रतिवद्धता पेश गर्नुपर्नेछ ।

२.४.३ चौथो त्रैमासिकको सोधभर्ना रकम फुकुवा माग गर्ने आयोजना/निकायले अनुसूची ३ अनुसारको ढाँचामा सोधभर्नाको विवरण र संलग्न Checklist प्रमाणित गरी अनिवार्य रुपमा पेश गर्नुपर्नेछ ।

२.४.४ सम्बन्धित आयोजनाहरुले दातृ निकायले आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४२ को उपनियम (९) बमोजिम निर्दिष्ट गरेको ढाँचामा आ.व. २०७८/०७९ को आयोजनाको वित्तीय विवरण (लेखा परीक्षण भएको) दातृ निकायमा पेश गरिसकेको हुनुपर्नेछ । आयोजनाको वित्तीय विवरण (लेखा परीक्षण भएको) पेश गर्नु नपर्ने आयोजनाहरुले दातृ निकायबाट निर्दिष्ट गरिएको आयोजना/कार्यक्रमको निकासा खर्चको एकीकृत वित्तीय विवरण पठाएको जानकारी सहित वित्तीय विवरण पेश गर्नुपर्नेछ ।

२.४.५ Implementation Progress Report (IPR) र Financial Monitoring Report (FMR) प्रणालीबाट सोधभर्ना हुने आयोजना/निकायहरुले आ.व.२०७९/८० को दोस्रो त्रैमासिकको IPR/FMR अनुसार सोधभर्ना हुने गरी भएको खर्च रकम सोधभर्ना प्राप्त भइसकेको हुनुपर्नेछ । निकासा माग गरेको मितिमा तेस्रो त्रैमासिक अवधिको IPR/FMR पठाउने मिति (त्रैमासिक अवधि समाप्त भएको ३० दिन भित्र) नाघेको भए तेस्रो त्रैमासिक अवधिको IPR/FMR दातृ पक्ष/निकायलाई पेश गरेको पत्र संलग्न गर्नु पर्नेछ ।

२.४.६ थ्रेसहोल्ड रकम पुगिसकेको सोधभर्ना लिनु पर्ने रकमको तुरुन्त सोधभर्ना वा कोषपूर्तिको लागि दातृ निकायमा मागपत्र (Withdrawal Application) पठाई सोको एक प्रति अनिवार्य रुपमा महालेखा नियन्त्रक कार्यालयमा पठाउनु पर्नेछ । सोधभर्ना फुकुवा माग गर्दा Withdrawal Application को विवरण समेत चेक लिष्ट साथ संलग्न गरिएको हुनुपर्ने छ । ऋण तर्फको सोधभर्ना मागको Withdrawal Application को विवरण सार्वजनिक ऋण व्यवस्थापन कार्यालयलाई समेत पठाउनु पर्नेछ ।

२.४.७ महालेखा नियन्त्रक कार्यालयको तथ्याङ्क अनुसार सोधभर्ना स्रोतमा खर्च देखिएको तर दातृ निकायसँगको सम्झौताको शर्त अनुसार तत्काल सोधभर्ना प्राप्त नहुने धरौटी, प्रतित-पत्र, पेश्की आदि रकम यकीन गरी सम्बन्धित मन्त्रालयबाट सोको प्रमाणित प्रतिवेदन सहित फुकुवा सिफारिश भै आएको हुनु पर्नेछ ।

२.४.८ दातृ निकायबाट सम्झौता अनुसारको सबै सोधभर्ना प्राप्त भएको तर बैंकले कमिशन लिदा महालेखा कार्यालयको केन्द्रीय खातामा कमिशन बराबरको रकम घटि हुन गएमा बैंकले कमिशन लिएको पुष्ट्याईं हुने विवरण सहित सम्बन्धित मन्त्रालयबाट फुकुवाको लागि सिफारिस भई आएको हुनुपर्नेछ र सो रकम स्रोतान्तरको लागि अर्थ मन्त्रालयमा पेश गरेको हुनु पर्नेछ ।

२.४.९ निकासा लिई आयोजनाबाट सम्बन्धित कार्यक्रमको लागि पेश्की उपलब्ध गराएको रकम खर्च नभएको अवस्थामा वा अन्य कुनै कारणले बेरुजु खातामा दाखिला गर्नुपर्ने भए त्यस्तो रकम बैंक दाखिला गरी भौचर पेश गरेको हुनु पर्नेछ ।

२.४.१० यस आ.व. मा रकमान्तर/स्रोतान्तर भै रकम घटबढ भएको भए सो अनुसार जिल्लागत र स्रोतगत अख्तियारी/LMBIS र कार्यक्रम समायोजन भैसकेको हुनु पर्नेछ ।

नेपाल सरकार अर्थ मन्त्रालय महालेखा नियन्त्रक कार्यालय अनामनगर, काठमाडौं



महालेखा नियन्त्रक

२.४.११ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४२ को उपनियम (५) को (घ) अनुसार चालु आ.व. को तेस्रो त्रैमासिक अवधिसम्मको सोधभर्ना तर्फको रकम भिडान गरेको र स्रोतगत रुपमा फरक पारी  खर्च भएको वा Joint Financing Agreement अनुसार संशोधन गरी बजेट मिलान गर्नु पर्ने भए सो समेत सोही नियमावलीको नियम ४३ को उपनियम (१) अनुसार अर्थ मन्त्रालयबाट नियमित भईसकेको पत्र प्राप्त भईसकेको हुनु पर्नेछ ।

२.४.१२ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम १७ सँग सम्वन्धित अनुसूची ३ र नियम ४२ को उपनियम (६) सँग सम्वन्धित अनुसूची-९ वमोजिमको चालु आ.व. २०७९/८० को दोस्रो त्रैमासिक सम्मको प्रतिवेदन पेश गर्नु पर्नेछ ।

२.४.१३ आयोजनाको नाममा खोलिएको विशेष खाताको हिसाबको त्रैमासिक विवरण विवरण पेश गर्नु पर्नेछ ।

२.४.१४ Disbursement Linked Indicator – DLI मा आधारित आयोजना/कार्यक्रमहरुको हकमा Project Agreement, Progress Report/ DLI Rotation Plan  सहित Disbursement Schedule पेश गर्नु पर्नेछ ।

२.४.१५ Retroactive Financing भएका आयोजना/कार्यक्रमहरुको हकमा कुल आयोजना/कार्यक्रम लागत, Retroactive Financing  अनुपात/प्रतिशत र सोधभर्ना हुने गरी भएको जम्मा खर्च खुलाई पेश गर्नु पर्नेछ ।

२.४.१६ नेपाल सरकार र दातृ निकायबीच मूल सम्झौता भै प्राप्त भएको अनुदान/ऋण रकम नेपाल सरकारले सहायक ऋण सम्झौता गरी स्वायत्त संस्थाहरुमा गरिएको लगानी रकम नेपाल सरकारबाट खर्च भै गएकोले सोधभर्ना बक्यौता हिसाबमा जनिएको तर सहायक ऋण सम्झौता गर्ने संस्थाले खर्च नगरी मौज्दात रहेको अवस्थामा उक्त रकमको हिसाबको प्रमाणित विवरण पेश गरी सो रकम कट्टा गरी मात्र निकासा फुकुवा गरिनेछ ।

२.४.१७ वित्तीय हस्तान्तरण भई प्रदेश तथा स्थानीय तहमा सञ्चालित आयोजनाको हकमा चालु आ.व.को दोस्रो त्रैमासिक अवधिसम्मको बजेट, निकासा तथा खर्चको स्रोतगत विवरण सम्बन्धित आयोजना सञ्चालन गर्ने निकायले तयार गरी सम्वन्धित लेखा उत्तरदायी अधिकृतवाट प्रमाणित गराई पेश गर्नुपर्नेछ ।

**ख) आयोजनाको वित्तीय विवरण सिफारिस गर्ने सम्बन्धमा**

(१) आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्त्व नियमावली, २०७७ को नियम ४२ को उपनियम (८) र (९) बमोजिम वैदेशिक स्रोत समावेश भएका आयोजनाहरुको दातृ निकायमा पेश गरिने आयोजनाको वित्तीय प्रतिवेदन (Un-Audited Project Financial Statement) असोज मसान्तभित्र र लेखापरीक्षण भएको आयोजनाको वित्तीय प्रतिवेदन (Audited Project Financial Statement) पौष मसान्तभित्र पेश गरी सक्नुपर्नेछ । सम्बन्धित दातृ निकायसँग भएको सम्झौतामा लेखापरीक्षण भएको र नभएको आयोजनाको

नेपाल सरकार
अर्थ मन्त्रालय
महालेखा नियन्त्रक कार्यालय
अनामनगर, काठमाडौं



महालेखा-नियन्त्रक

वित्तीय विवरण पेश गर्ने समयावधिका सम्बन्धमा छुट्टै व्यवस्था भएको छ भने सोही बमोजिम पेश हुनुपर्नेछ ।

(२) आयोजनाको वित्तीय विवरण प्रमाणित/सिफारिसको लागि यस कार्यालयमा पठाउँदा सम्बन्धित मन्त्रालयका सचिव र आर्थिक प्रशासन शाखा प्रमुखको दस्तखत गरी पेश गर्नुपर्नेछ । सम्बन्धित मन्त्रालयले आयोजनाको वित्तीय विवरण प्रमाणित/सिफारिसका लागि यस कार्यालयमा पत्र पठाउँदा बजेट उप-शिर्षक, आयोजनाको नाम, ऋण/अनुदान नम्वर र माथि बुँदा नं. १ मा उल्लेखित समयमा पेश गर्न नसकेको भए सोको उचित कारण समेत उल्लेख गर्नुपर्नेछ ।

(३) आयोजनाहरुले ऋण खाता (Loan Ledger) सार्वजनिक ऋण व्यवस्थापन कार्यालयबाट प्रमाणित गरी आयोजनाको वित्तीय विवरणमा संलग्न गरेको हुनु पर्नेछ ।

(४) आयोजनाको वित्तीय विवरण प्रमाणितका लागि पेश हुँदा वैदेशिक स्रोत समावेश भएको बजेट समेत देखिने गरी एकीकृत आर्थिक विवरण समेत पेश गर्नुपर्नेछ ।

(५) एउटै बजेट उप-शिर्षकबाट दुई वा दुई भन्दा बढी आयोजनाहरुले निकासा/खर्च गर्ने व्यवस्था भएमा सम्बन्धित मन्त्रालय, आयोजना वा समन्वय कार्यालयले एकीकृत आयोजनाको वित्तीय विवरण पेश गर्नु पर्नेछ । ऋण तथा अनुदान सम्झौता अनुसार एकीकृत आयोजनाको वित्तीय विवरण पेश गर्न नपर्ने भएमा सम्बन्धित मन्त्रालय, आयोजना वा समन्वय कार्यालयले मातहतका आयोजनाबाट विवरण माग गरी आयोजनाको विनियोजित बजेट, निकासा/खर्च, सोधभर्ना प्राप्ती र सोधभर्ना बाँकी रकम स्पष्ट हुने गरी बजेट कार्यन्वयन शाखामा एकीकृत वित्तीय विवरण अनिवार्य रुपमा पेश गर्नुपर्नेछ ।

(६) सम्बन्धित निकाय/आयोजनाबाट प्रमाणित वा सिफारिसको लागि पेश भएका आयोजनाको वित्तीय विवरणमा दातृ निकायबाट वस्तुगत सहायता तथा सोझै भुक्तानी अन्तर्गत प्राप्त भएका सबै रकमहरुको उल्लेख गर्नुपर्नेछ । यस्ता रकमहरु महालेखा नियन्त्रक कार्यालयको एकल खाता कोष प्रणालीमा लेखाङ्कन गरेर मात्र उल्लेख गर्नुपर्नेछ ।

(७) आयोजना सञ्चालन गर्ने निकायमा आ.व.२०७८/०७९ मा र सो भन्दा अगाडि नै बन्द भएका आयोजना भए त्यस्ता बन्द आयोजनाको सोधभर्ना लिन बाँकी भए स्रोतान्तर वा हिसाव फरफारख गरी तथा बढी सोधभर्ना प्राप्त भैसकेका आयोजना भए अर्थ मन्त्रालयवाट निर्णय गराई हिसाव मिलान/समायोजन गरी गराई त्यसको प्रगति पेश गर्नु पर्नेछ ।

(८) यस कार्यालयमा आयोजनाको वित्तीय विवरण प्रमाणित/सिफारिसका लागि पेश गर्दा आयोजनाको वित्तीय विवरणमा उल्लेख भएको वैदेशिक स्रोत तर्फ सोधभर्ना हुने ऋण प्राप्ती, ऋण लगानी वा सेयर लगानीको हिसाव सार्वजनिक ऋण व्यवस्थापन कार्यालयको अभिलेखसँग भिडान गरी पेश भएको हुनुपर्ने छ ।

नेपाल सरकार
अर्थ मन्त्रालय
महालेखा नियन्त्रक कार्यालय
अनामनगर, काठमाडौं

(९) आयोजनाबाट प्रमाणित वा सिफारिसको लागि पेश भएका आयोजनाको वित्तीय विवरण यस कार्यालयमा रहेको अभिलेखसँग भिडान गरी उक्त आयोजनाको वित्तीय विवरणमा उल्लेखित हिसाब भिडान भएको र अन्य शर्तहरु पूरा भएको अवस्थामा आयोजनाको वित्तीय विवरण प्रमाणित वा सिफारिस गर्न अनुमानित कम्तिमा ५ दिन लाग्ने हुँदा सोही अनुसार समय तालिका मिलान गर्नुपर्नेछ ।

(१०) आयोजनाले सोझै भुक्तानी स्रोतबाट खर्च गरेको भए सो खर्च TSA मा प्रविष्टी गराई आयोजनाको वित्तीय विवरणमा समेत समावेश गरेको हुनुपर्नेछ ।

नेपाल सरकार
अर्थ मन्त्रालय
महालेखा नियन्त्रक कार्यालय
अनामनगर, काठमाडौं

महालेखा नियन्त्रक

अनुसूची १

सोधभर्नाको विवरण (दोस्रो त्रैमासिक स्रोत फुकवाको लागि)

आर्थिक वर्ष :

आयोजनाको नाम :

दातृ निकाय/पक्ष :

बजेट उपशिर्षक :

ऋण/अनुदान नं. :

| क.सं. | विवरण | अनुदान | ऋण | जम्मा |
|---|---|---|---|---|
| १ | आ.व. २०७८/७९ को शोधभर्ना लिन बाँकी रकम (अल्या) | | | |
| २ | ~~आ.व. २०७८/७९ सम्मको शोधभर्ना हुने कूल खर्च~~ | — | — | |
| ३ | आ.व. २०७९/८० मा शोधभर्ना प्राप्त रकम | | | |
| ४ | हिसाब समायोजन गरि शोधभर्ना बाँकी रकम घटाउने/जोड्ने | | | |
| | खुद शोधभर्ना बाँकी (१+२+३+४) | | | |

आर्थिक प्रशासन प्रमुखको

नाम :

दस्तखत :

आयोजना प्रमुखको

नाम :

दस्तखत :

मिति २०७९।०४।....... को निर्णय अनुसार दोस्रो त्रैमासिकको सोधभर्ना स्रोत फुकुवा हुन आवश्यक बुंदाहरुको Checklist

सम्वन्धित मन्त्रालय:

आयोजनाको नाम :

अनुदान/ऋण नं. :

बजेट उपशिर्षक नं.:

नेपाल सरकार
अर्थ मन्त्रालय
महालेखा नियन्त्रक कार्यालय
अनामनगर, काठमाडौं

| कार्यविधिको बुदा न. | कार्यविधि विवरण | छ | छैन | अन्य/कैफियत | आवश्यक नपर्ने |
|---|---|---|---|---|---|
| २.२.१ | आ.व. २०७८।७९ सम्मको सोधभर्ना लिन बाँकी सबै रकम सोधभर्ना प्राप्त भैसकेको हुनुपर्ने । | | | | |
| २.२.२ | सो नभएमा अर्थ मन्त्रालयबाट सोधभना बक्यौता रहे पनि स्रोत फुकुवा दिन सिफारिस भै आउनु पर्ने । मन्त्रालयको प.स. .............च.नं. .................मिति................ | | | | |
| २.२.४ | आ.व. २०७८।७९ को आयोजनाहरुले दातृ निकायले निर्दिष्ट गरेको आयोजनाको वित्तीय विवरण (लेखा परीक्षण नभएको) पेश भएको हुनु पर्ने । | | | | |
| | आयोजनाको वित्तीय विवरण पेश गर्नु नपर्ने दातृ निकायहरुको स्रोत तर्फको हकमा दातृ निकायबाट निर्दिष्ट गरिएको आयोजना/कार्यक्रमको निकासा खर्चको एकीकृत विवरण पठाएको जानकारी र विवरण पेश भएको हुनुपर्ने । | | | | |
| २.२.५ | IPR/FMR दातृनिकायलाई पेश भएकोमा यस कार्यालयलाई एक प्रति प्राप्त हुनु पर्ने । | | | | |
| २.२.६ | सोधभना वा कोषपुर्तिको लागि मागपत्र/ Withdrawl Application दातृ निकायमा पठाएकोमा सोको एक प्रति महालेखा नियन्त्रक कार्यालयमा पठाउनु पर्ने | | | | |
| | थ्रेसहोल्ड रकम पुगिसकेको सोधभर्ना लिनुपर्ने वा कोषपूर्तिको लागि दातृ निकायमा पठाई सोको जानकारी यस कार्यालयलाई दिएको हुनुपर्ने र सोधभर्ना हुने ऋणको हकमा सार्वजनिक ऋण व्यवस्थापन कार्यालयलाई समेत जानकारी गराएको हुनुपर्ने । | | | | |
| २.२.७ | दातृ निकायबाट सोधभर्ना प्राप्त नहुने धरौटी, प्रतित-पत्र, पेश्की आदि रकम भएमा सम्बन्धित मन्त्रालयबाट फुकुवा सिफारिश भै आएको हुनुपर्ने । | | | | |
| २.२.८ | बैंकले कमिशन लिएको भए सो पुष्ट्याइ हुने विवरण सहित सम्बन्धित मन्त्रालयबाट फुकुवाको लागि सिफारिस भइ आएको हुनु पर्नेछ । | | | | |
| २.२.९ | बेरुजु खातामा दाखिला गरेको रकमको बैंक भौचर पेश गर्नु पर्नेछ । | | | | |
| २.२.१० | आ.व २०७७।७८ सम्मको स्रोतान्तर हुनुपर्ने रकम भैसकेको हुनु पर्नेछ । | | | | |
| २.२.१२ | नयाँ सम्झौता भएको आयोजनाको सम्झौतासँग सम्बन्धित कागजातहरु पेश भएको हुनु पर्ने । | | | | |
| २.२.१३ | आ.व.२०७९।८० को बजेट अख्तियारी/LMBIS, स्वीकृत कार्यकम, जिल्लागत बाँडफाँड हुनेमा जिल्लागत र स्रोतगत बाँडफाँड पेश गनुपर्नेछ । | | | | |
| | यस आ.व. मा रकमान्तर/ स्रोतान्तर भै रकम घटबढ भएको भए सो अनुसार जिल्लागत र स्रोतगत अख्तियारी र कार्यक्रम समायोजन भैसकेको हुनु पर्ने | | | | |
| २.२.१४ | आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ वमोजिमको अनुसूची ३ र ९ को प्रतिवेदन पेश गर्नु पर्ने । | | | | |
| २.२.१५ | आयोजनाको नाममा खोलिएको विशेष खाताको हिसाबको त्रैमासिक विवरण र बैंक स्टेटमेन्टको प्रतिलिपी पेश भएको हुनु पर्ने । | | | | |
| २.२.१६ | म. ले. नि. का. मा रहेको आयोजनागत/स्रोतगत सोधभर्ना वक्यौता हिसाबसँग आयोजनाको हिसाब भिडान भई अद्यावधिक भएको हुनुपर्ने । | | | | |
| २.२.१७ | DLI मा आधारित आयोजना/कार्यक्रमहरुको Progress report/ DLI rotation Plan सहित Disbursement Schedule पेश भएको । | | | | |
| २.२.१८ | Retroactive Financing को हकमा कुल आयोजना/कार्यक्रम लागत, Retroactive Financing अनुपात/प्रतिशत र सोधभर्ना हुने गरी भएको जम्मा खर्च खुलाई बिवरण पेश भएको । | | | | |
| २.२.१९ | निकासा फुकुवा दिने मितिमा सम्झौता अनुसार दातृ निकायमा आयोजनाको वित्तीय विवरण (Audited) बुझाउनु पर्ने अबधि नाघिसकेको भए आयोजनाको वित्तीय विवरण (Audited) पेश भएको हुनुपर्नेछ । | | | | |
| २.२.२० | नेपाल सरकार र दातृ निकाय बीच सहायता सम्झौता भै प्राप्त भएको अनुदान/ऋण रकम नेपाल सरकारले सहायक ऋण सम्झौता गरी स्वायत्त संस्थाहरुमा गरिएको लगानी रकम नेपाल सरकारबाट खर्च भै गएकोले सोधभर्ना बक्यौता हिसाबमा जनिएको तर सहायक ऋण सम्झौता गर्ने संस्थाले खर्च नगरी मौज्दात रहेको रकमको हिसाबको प्रमाणित विवरण पेश गरी सो रकम कट्टा गरी मात्र निकासा फुकुवा माग गर्नु पर्ने । | | | | |

**आर्थिक प्रशासन प्रमुखको**

नाम :

दस्तखत :

**आयोजना प्रमुखको**

नाम :

दस्तखत :

महालेखा नियन्त्रक

## अनुसूची २

## सोधभर्नाको विवरण (तेस्रो त्रैमासिक स्रोत फुकवाको लागि)

नेपाल सरकार
अर्थ मन्त्रालय
महालेखा नियन्त्रक कार्यालय
अनामनगर, काठमाडौं

आर्थिक वर्ष :

आयोजनाको नाम :

दातृ निकाय/पक्ष :

बजेट उपशिर्षक :

ऋण/अनुदान नं. :

| क.सं. | विवरण | अनुदान | ऋण | जम्मा |
|---|---|---|---|---|
| १ | आ.व. २०७८/७९ को शोधभर्ना लिन बाँकी रकम (अल्या) | | | |
| २ | आ.व. २०७९/८० को प्रथम त्रैमासिकसम्मको शोधभर्ना हुने कूल खर्च | | | |
| ३ | आ.व. २०७९/८० मा हालसम्म शोधभर्ना प्राप्त रकम | | | |
| ४ | हिसाब समायोजन गरि शोधभर्ना बाँकी रकम घटाउने/जोड्ने | | | |
| | खुद शोधभर्ना बाँकी (१+२+३+४) | | | |

आर्थिक प्रशासन प्रमुखको

नाम :

दस्तखत :

आयोजना प्रमुखको

नाम :

दस्तखत :

महालेखा नियन्त्रक

मिति २०७९।०४।......... को निर्णय अनुसार तेस्रो त्रैमासिकको सोधभर्ना श्रोत फुकुवा हुन आवश्यक बुदाहरुको Checklist

**सम्वन्धित मन्त्रालय:**

**आयोजनाको नाम :**

**अनुदान/ऋण नं. :**

**बजेट उपशिर्षक नं.**

नेपाल सरकार
अर्थ मन्त्रालय
महालेखा नियन्त्रक कार्यालय
अनामनगर, काठमाडौं

| कार्यविधिको बुदा नं. | कार्यविधि विवरण | छ | छैन | अन्य/कैफियत | आवश्यक नपर्ने |
|---|---|---|---|---|---|
| २.३.१ | आ.व. २०७९।८० को प्रथम त्रैमासिकसम्मको सोधभर्ना लिन बाँकी सबै रकम सोधभर्ना प्राप्त भैसकेको हुनुपर्ने । | | | | |
| २.३.२ | सो नभएमा अर्थ मन्त्रालयबाट सोधभर्ना बक्यौता रहे पनि स्रोत फुकुवा दिन सिफारिस भै आउनु पर्ने । मन्त्रालयको प.स. च.न. मिति | | | | |
| २.३.४ | आ.व. २०७८।७९ को आयोजनाहरुले दातृ निकायले निर्दिष्ट गरेको आयोजनाको वित्तीय विवरण (लेखा परीक्षण भएको) पेश भएको हुनु पर्ने । | | | | |
| | आयोजनाको वित्तीय विवरण पेश गर्नु नपर्ने दातृ निकायहरुको स्रोत तर्फको हकमा दातृ निकायबाट निर्दिष्ट गरिएको आयोजना/कार्यक्रमको निकासा खर्चको एकीकृत विवरण पठाएको जानकारी र विवरण पेश भएको हुनु पर्ने । | | | | |
| २.३.५ | IPR/FMR दातृ निकायलाई पेश भएकोमा यस कार्यालयलाई एक प्रति प्राप्त हुनुपर्ने । | | | | |
| २.३.६ | सोधभर्ना वा कोषपुर्तिको लागि मागपत्र/ Withdrawl Application दातृ निकायमा पठाएकोमा सो को एक प्रति महालेखा नियन्त्रक कार्यालयमा पठाउनु पर्ने । | | | | |
| | थ्रेसहोल्ड रकम पुगिसकेको सोधभर्ना लिनुपर्ने वा कोषपूर्तिको लागि दातृ निकायमा पठाई सोको जानकारी यस कार्यालयलाई दिएको हुनुपर्ने र सोधभर्ना हुने ऋणको हकमा सार्वजनिक ऋण व्यवस्थापन कार्यालयलाई समेत जानकारी गराएको हुनुपर्ने । | | | | |
| २.३.७ | दातृ निकायबाट सोधभर्ना प्राप्त नहुने धरौटी, प्रतित-पत्र, पेश्की आदि रकम भएमा सम्बन्धित मन्त्रालयबाट फुकुवा सिफारिश भै आएको हुनु पर्ने । | | | | |
| २.३.८ | बैंकले कमिशन लिएको भए सो पुष्ट्याइ हुने विवरण सहित सम्बन्धित मन्त्रालयबाट फुकुवाको लागि सिफारिस भई आएको हुनु पर्नेछ । | | | | |
| २.३.९ | बेरुजु खातामा दाखिला गरेको रकमको बैंक भौचर पेश गर्नु पर्नेछ । | | | | |
| २.३.१० | यस आ.व. मा रकमान्तर/स्रोतान्तर भै रकम घटबढ भएको भए सो अनुसार जिल्लागत र स्रोतगत अख्तियारी र कार्यक्रम समायोजन भैसकेको हुनुपर्ने । | | | | |
| २.३.११ | स्रोतगत रुपमा फरक पारी खर्च भएको वा Joint Financing Agreement अनुसार संशोधन गरी वजेट मिलान गर्नु पर्ने भए गरिसकेको हुनु पर्ने । | | | | |
| २.३.१२ | आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ वमोजिमको अनुसूची ३ र ९ को प्रतिवेदन पेश गर्नु पर्ने । | | | | |
| २.३.१३ | आयोजनाको नाममा खोलिएको विशेष खाताको हिसाबको त्रैमासिक विवरण र बैंक स्टेटमेन्टको प्रतिलिपी पेश भएको हुनु पर्ने । | | | | |
| २.३.१४ | DLI मा आधारित आयोजना/कार्यक्रम हरुको Progress report/ DLI Rotation Plan सहित Dishbursement Schedule पेश गर्नु पर्नेछ | | | | |
| २.३.१५ | Retroactive Financing भएका आयोजना/कार्यक्रम हरुको हकमा कुल आयोजना/कार्यक्रम लागत, Retroactive Financing अनुपात/प्रतिशत र सोधभर्ना हुने गरी भएको जम्मा खर्च खुलाई बिवरण पेश भएको । | | | | |
| २.३.१६ | नेपाल सरकार र दातृ निकाय बीच सहायता सम्झौता भै प्राप्त भएको अनुदान/ऋण रकम नेपाल सरकारले सहायक ऋण सम्झौता गरी स्वायत्त संस्थाहरुमा गरिएको लगानी रकम नेपाल सरकारबाट खर्च भै गएकोले सोधभर्ना बक्यौता हिसाबमा जनिएको तर सहायक ऋण सम्झौता गर्ने संस्थाले खर्च नगरी मौज्दात रहेको रकमको हिसाबको प्रमाणित विवरण पेश गरि सो रकम कट्टा गरी मात्र निकासा फुकुवा माग गर्ने । | | | | |
| २.३.१७ | वित्तीय हस्तान्तरण भई प्रदेश तथा स्थानीय तहमा सञ्चालित आयोजनाको हकमा चालु आ.व.को प्रथम त्रैमासिक सम्मको वजेट, निकासा तथा खर्चको स्रोतगत विवरण सम्बन्धित आयोजना सञ्चालन गर्ने निकायले तयार गरी सम्बन्धित लेखा उत्तरदायी अधिकृतवाट प्रमाणित गराई पेश गरेको हुनुपर्ने । | | | | |

**आर्थिक प्रशासन प्रमुखको**

नाम :

दस्तखत :

**आयोजना प्रमुखको**

नाम :

दस्तखत :

अनुसूची ३

सोधभर्नाको विवरण (चौथो त्रैमासिक स्रोतं फुकवाको लागि)

नेपाल सरकार
अर्थ मन्त्रालय
महालेखा नियन्त्रक कार्यालय
अनामनगर, काठमाडौं

आर्थिक वर्ष :

आयोजनाको नाम :

दातृ निकाय/पक्ष :

बजेट उपशिर्षक :

ऋण/अनुदान नं. :

| क.सं. | विवरण | अनुदान | ऋण | जम्मा |
|---|---|---|---|---|
| १ | आ.व. २०७८/७९ को शोधभर्ना लिन बाँकी रकम (अल्या) | | | |
| २ | आ.व. २०७९/८० को दोस्रो त्रैमासिकसम्मको शोधभर्ना हुने कूल खर्च | | | |
| ३ | आ.व. २०७९/८० मा हालसम्म शोधभर्ना प्राप्त रकम | | | |
| ४ | हिसाब समायोजन गरि शोधभर्ना बाँकी रकम घटाउने/जोड्ने | | | |
| | खुद शोधभर्ना बाँकी (१+२+३+४) | | | |

आर्थिक प्रशासन प्रमुखको

नाम :

दस्तखत :

आयोजना प्रमुखको

नाम :

दस्तखत :

मिति २०७९।०४।........ को निर्णय अनुसार चौथो त्रैमासिकको सोधभर्ना श्रोत फुकुवा हुन आवश्यक बुदाहरुको Checklist

**सम्वन्धित मन्त्रालयः**

**आयोजनाको नाम :**

**अनुदान/ऋण नं. :**

**बजेट उपशिर्षक नं.**

नेपाल सरकार
अर्थ मन्त्रालय
महालेखा नियन्त्रक कार्यालय
अनामनगर, काठमाडौं

| कार्यविधिको बुदा न. | कार्यविधि विवरण | छ | छैन | अन्य/कैफियत | आवश्यक नपर्ने |
|---|---|---|---|---|---|
| २.४.१ | आ.व. २०७९।८० को दोस्रो त्रैमासिकसम्मको सोधभर्ना लिन बाँकी सबै रकम सोधभर्ना प्राप्त भैसकेको हुनुपर्ने । | | | | |
| २.४.२ | सो नभएमा अर्थ मन्त्रालयबाट सोधभर्ना बक्यौता रहे पनि श्रोत फुकुवा दिन सिफारिस भै आउनु पर्ने । मन्त्रालयको प.स. च.न. मिति | | | | |
| २.४.४ | आ.व. २०७८।७९ को आयोजनाहरुले दातृ निकायले निर्दिष्ट गरेको आयोजनाको वित्तीय विवरण (लेखा परीक्षण भएको) पेश भएको हुनु पर्ने । | | | | |
| | आयोजनाको वित्तीय विवरण पेश गर्नु नपर्ने दातृ निकायहरुको स्रोत तर्फको हकमा दातृ निकायबाट निर्दिष्ट गरिएको आयोजना/कार्यक्रमको निकासा खर्चको एकीकृत विवरण पठाएको जानकारी र विवरण पेश भएको हुनु पर्ने । | | | | |
| २.४.५ | IPR/FMR दातृ निकायलाई पेश भएकोमा यस कार्यालयलाई एक प्रति प्राप्त हुनुपर्ने । | | | | |
| २.४.६ | सोधभर्ना वा कोषपुर्तिको लागि मागपत्र/ Withdrawl Application दातृ निकायमा पठाएकोमा सोको एक प्रति महालेखा नियन्त्रक कार्यालयमा पठाउनु पर्ने । | | | | |
| | थ्रेसहोल्ड रकम पुगिसकेको सोधभर्ना लिनुपर्ने वा कोषपूर्तिको लागि दातृ निकायमा पठाई सोको जानकारी यस कार्यालयलाई दिएको हुनुपर्ने र सोधभर्ना हुने ऋणको हकमा सार्वजनिक ऋण व्यवस्थापन कार्यालयलाई समेत जानकारी गराएको हुनुपर्ने । | | | | |
| २.४.७ | दातृ निकायबाट सोधभर्ना प्राप्त नहुने धरौटी, प्रतित-पत्र, पेश्की आदि रकम भएमा सम्बन्धित मन्त्रालयबाट फुकुवा सिफारिश भै आएको हुनु पर्ने । | | | | |
| २.४.८ | बैंकले कमिशन लिएको भए सो पुष्ट्याई हुने विवरण सहित सम्बन्धित मन्त्रालयबाट फुकुवाको लागि सिफारिस भई आएको हुनु पर्नेछ । | | | | |
| २.४.९ | बेरुजु खातामा दाखिला गरेको रकमको बैंक भौचर पेश गर्नु पर्नेछ । | | | | |
| २.४.१० | यस आ.व. मा रकमान्तर/श्रोतान्तर भै रकम घटबढ भएको भए सो अनुसार जिल्लागत र श्रोतगत अख्तियारी र कार्यक्रम समायोजन भैसकेको हुनुपर्ने । | | | | |
| २.४.११ | स्रोतगत रुपमा फरक पारी खर्च भएको वा Joint Financing Agreement अनुसार संसोधन गरी वजेट मिलान गर्नु पर्ने भए गरिसकेको हुनु पर्ने । | | | | |
| २.४.१२ | आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ वमोजिमको अनुसूची ३ र ९ को प्रतिवेदन पेश गर्नु पर्ने । | | | | |
| २.४.१३ | आयोजनाको नाममा खोलिएको विशेष खाताको हिसाबको त्रैमासिक विवरण र बैंक स्टेटमेन्टको प्रतिलिपी पेश भएको हुनु पर्ने । | | | | |
| २.४.१४ | DLI मा आधारित आयोजना/कार्यक्रम हरुको Progress report/ DLI Rotation Plan सहित Dishbursement Schedule पेश गर्नु पर्नेछ | | | | |
| २.४.१५ | Retroactive Financing भएका आयोजना/कार्यक्रम हरुको हकमा कुल आयोजना/कार्यक्रम लागत, Retroactive Financing अनुपात/प्रतिशत र सोधभर्ना हुने गरी भएको जम्मा खर्च खुलाई विवरण पेश भएको । | | | | |
| २.४.१६ | नेपाल सरकार र दातृ निकाय बीच सहायता सम्झौता भै प्राप्त भएको अनुदान/ऋण रकम नेपाल सरकारले सहायक ऋण सम्झौता गरी स्वायत्त संस्थाहरुमा गरिएको लगानी रकम नेपाल सरकारबाट खर्च भै गएकोले सोधभर्ना बक्यौता हिसाबमा जनिएको तर सहायक ऋण सम्झौता गर्ने संस्थाले खर्च नगरी मौज्दात रहेको रकमको हिसाबको प्रमाणित विवरण पेश गरी सो रकम कट्टा गरी मात्र निकासा फुकुवा माग गर्ने । | | | | |
| २.४.१७ | वित्तीय हस्तान्तरण भई प्रदेश तथा स्थानीय तहमा सञ्चालित आयोजनाको हकमा चालु आ.व.को प्रथम चौमासिक सम्मको वजेट, निकासा तथा खर्चको स्रोतगत विवरण सम्वन्धित आयोजना सञ्चालन गर्ने निकायले तयार गरी सम्वन्धित लेखा उत्तरदायी अधिकृतवाट प्रमाणित गराई पेश गरेको हुनुपर्ने । | | | | |

**आर्थिक प्रशासन प्रमुखको**

नाम :

दस्तखत :

**आयोजना प्रमुखको**

नाम :

दस्तखत :